# स्थानीय राजपत्र

बेसीशहर नगरपालिकाद्वारा प्रकाशित

खण्ड १, संख्या ९, असार १७ गते, २०७५ साल


**स्थानीय सरकार सञ्चालन ऐन,** २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बेसीशहर नगर कार्यपालिकाले देहायको निर्देशिका जारी गरेको छ ।

# भाग १

## वेसीशहर नगरपालिकाको प्रशासकीयकार्यविधि (नियमितगर्ने) ऐन, २०७४

**प्रस्तावनाः**

नेपालको संविधानको अनुसूची ८ र ९तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमस्थानीयतहलाई तोकिएकोअधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१)बमोजिम वेसीशहर नगरपालिकाको सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्तनाम, विस्तार र प्रारम्भ** :(१) यो ऐनको नाम वेसीशहर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमितगर्ने) ऐन, २०७४ रहेको छ ।

(२) यो ऐन वेसीशहर नगरपालिका क्षेत्रभित्र तुरुन्तलागू हुनेछ ।

२. **परिभाषा** : (१) बिषयवाप्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “ऐन”भन्नाले वेसीशहर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमितगर्ने) ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) “कार्यपालिका” भन्नाले वेसीशहर नगरकार्यपालिका सम्झनु पर्छ ।

(घ) “नगरपालिका”भन्नाल वेसीशहर नगरपालिका सम्झनु पर्छ ।

(ङ) “सभा”भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(च) “संविधान”भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियमबनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु

पर्ने कार्यविधि नियमित गर्नको निमित्त नगरकार्यपालिकाले आवश्यक नियमबनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४.**निर्देशिका, कार्यविधि र मापदण्डवनाउन सक्नेः** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही वेसीशहर नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागूगर्न सक्नेछ ।

**आज्ञाले,**
**भीम प्रसाद तिवारी**
**प्रमुख प्रशासकिय अधिकृत**